# यहाँ उपस्थित सबैलाई नमस्कार तथा स्वागत छ



प्रस्तोताः
गोपीराम बल
उद्यम बिकास सहजकर्ता/मेड्पा
मनहरी गाउँपालिकाको कार्यालय

# गरिबी निवारणका लागि
# लघु उद्यम विकास कार्यक्रम
# मनहरीको प्रगति समिक्षा
# प्रतिबेदन-२०७७/७८

मनहरी गाउँपालिकाको कार्यालय

**परिचय:-**नेपाल सरकार उद्योग मन्त्रालय अन्तरगत मेड्पा निर्देशिका २०७७ अनुसार केन्द्रीय सशर्त अनुदान बजेटको सहयोगमा कार्य संचालन जिम्मेवारी स्थानिय निकायमा आएबाट आ.ब. २०७७/०७८ को गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) यस मनहरी गाउँपालिकाद्वारा प्रभावकारी रुपमा संचालन गरी बजार माग,स्थानिय श्रोतसाधनको उपयोग र स्थानिय समुदायहरुको आबस्यकताको आधारमा यहाका गरिब-

बिपन्न,दलित,जनजाती,महिला,अपाङ्ग,भिन्न क्षमता भएका व्यक्ति,पछाडी परेका बर्ग,रोजगार गुमेका व्यक्ति,बिदेशबाट फर्केका व्यक्तिहरु र उद्यम व्यवसाय गर्न उत्सुक भएका व्यक्तिहरुलाई लक्षित गरी ९० जना नया उद्यमी सिर्जना गर्न र ५० जना पुराना उद्यमीहरुको स्तरोन्नति गर्न मेड मोडेल अनुसार बिभिन्न ६ चरणका कार्यक्रम साथै व्यवसायिक परामर्श तथा एड्भान्स तालिमहरु सम्पन्न गरेकोछ ।

**लक्ष्य (Aim):-** मनहरी गाउँपालिकामा कम आय भएका, वेरोजगार युवा, महिला, दलित , जनजातिहरुको उद्यमशीलता विकास गरी लघु उद्यमको माध्यमबाट उनीहरुको आर्थिक अवस्थामा सुधार गरी यस आ.ब.२०७७/०७८मा ९० जना लघु उद्यमी सृजना गर्ने । साथै विगत ३ बर्ष भित्र मेडपा कार्यक्रम मार्फत प्रबर्द्धन गरिएका उद्यमीहमध्ये ५० जना उद्यमीहरुको स्तरोन्नती गरी व्यवसायीक अभिवृद्धिमा सहयोग पुऱ्याउने ।

# उद्धेश्य :

- मनहरी गा.पामा जम्मा ९० जना गरिबीको रेखामुनी रहेका लक्षित वर्गलाई उद्यमी बनाई उनीहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने ।
- स्थानीय बजारको माग, स्थानीय कच्चा पदार्थको परिचालन र समुदायको मागको आवश्यकताका आधारमा उद्यम स्थापना गरि रोजगारीको सृजना गर्ने ।
- लक्षित वर्गको उद्यमशिलता विकास गरि प्राविधिक सिप, लघु कर्जामा पहुंच, उपयुक्त प्रविधि सहयोग तथा बजारिकरण र परामर्शमा सहयोग गरी उद्यम विकासबाट प्रतिव्यक्ति आयमा ६० प्रतिशतले वृद्धि गर्ने ।

मनहरी गाउँपालिकाको कार्यालय

बार्षिक प्रतिव्यक्ति आय रु ३८,१२९।- भन्दा कम आय भई गरीबीको रेखामुनी रहेका अति विपन्न वर्गका महिला, दलित, आदिवासी,जनजाती, र पिछ्डिएका समुदायलाई लघु उद्यमीको रुपमा स्थापित गरी उनीहरुको जीवनस्तर सुधार गर्ने । परम्परागत पेशागत क्षेत्रमा परिमार्जन, आधुनिकीकरण तथा विविधीकरण गर्दै स्थानीय स्रोत, साधन, प्रविधि र सीपको अधिकतम उपयोगलाई प्रोत्साहन गर्ने । मनहरी गा.पा.मा उद्यमशिलता विकासको आधारलाई मजबुत र फराकिलो बनाउँदै गा.पा. अर्थतन्त्रको सुदृढिकरणमा योगदान पुऱ्याउने । स्थानिय ग्रामिण बजार केन्द्रमा माग भएका बस्तुहरु स्थानिय स्तरमा नै गुणस्तरिय रुपमा उत्पादन गरि आयातित बस्तुलाई प्रतिस्थापन गरि निर्यातमा बढवा गर्ने, समुदायमा प्रचुर मात्रामा उपलब्ध भएको स्रोत, साधनको उचित परिचालनबाट लघु उद्यमको विकास र प्रवर्द्धनबाट रोजगारको अवसर सिर्जना गरेर गरिब तथा विपन्न वर्गको आर्थिक सम्बृद्धि गर्ने । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत गरिवि निवारणमा टेवा पुऱ्याउने ।

# मागमा आधारित रणनीति






**MICRO ENTERPRISE DEVELOPMENT MODEL**

(लघु उद्यम विकास नमुना)

मनहरी गाउँपालिकाको कार्यालय

❖ सामाजिक परिचालन अन्तरगत १) पालिका स्तरीय मेड्पा अभिमूखिकरण,२) उद्यम बिकास समिति र अनुगमन उपसमिति गठन भएकोछ, ३) बजार तथा श्रोत सम्भाव्यता अध्ययन, ४) सहभागीतात्मक ग्रामीण लेखाजोखा (PRA),५) घरधुरी सर्भेक्षण,६) संभाव्य उद्यमी छनौट,७) समूह गठन तथा अभिमूखिकरण र ८) समूहहरुलाई लजिष्टिक सपोर्ट गरिएकोछ ।

❖ उद्यमशीलता बिकास तालिम अन्तरगत १) ९९ जना संभाव्य उद्यमी सहभागीहरुलाई ३ दिने व्यवसाय सचेतना तालिम, २) ४ दिने व्यवसाय शुरुवात तालिम र ३) १ दिने लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण तालिम प्रदान गरिएकोछ ।

❖ सीप बिकास तालिम अन्तरगत ९४ जना उद्यमीहरुलाई आधारभूत सीप बिकास तालिम प्रदान गरिएकोछ । १) २६ जना लामो अबधिको सिलाईकटाई तालिम र २) ६८ जना छोटो अबधिको तालिमः बिन्दीया टिका बनाउने,डलकुशन बनाउने र तरकारी खेती तथा पशुपालन ।

❖ ६ वटा समूहका ९४ जना लघुउद्यमीहरुलाई लघु बित्तिय पहूँच संबन्धी अभिमूखिकरण तालिम प्रदान गरिएकोछ ।

❖ प्रबिधि हस्तान्तरण अन्तरगत : ८१ जना उद्यमीको ५ वटा समूहमा २६ थान टनेल प्लाष्टीक,१२ थान सिलाई मेसिन र ३० थान कैंची वितरण गरेकोछ ।

मनहरी गाउँपालिकाको कार्यालय

❖ बजारीकरण अन्तरगत ९४ जना लघुउद्यमीहरुको ६ वटै समूहलाई समेटेर १ दिने उद्यमी र ब्यापारी तथा सफल उद्यमी बीच अन्तरक्रिया कार्यक्रम गरियो ।

# समस्या तथा चुनौतीहरु :

- लक्षित वर्गमा उद्यमशीलताको संस्कारको कमी ।
- अति निम्न वर्गलाई कार्यक्रमको विभिन्न चरणको तालिममा सहभागि गराउन कठिन ।
- कोभिड-१९ संक्रमनको कारण कार्यक्रम संचालनमा ठूलो चुनौति ।

## समस्या समाधानको लागी चालिएका कदमहरु :

- उद्यमशिलता भावनाको विकास गर्ने ।
- आवश्यकता अनुसार ब्यवसायिक परामर्श दिने ।
- सम्भावित उद्यमीहरु सिर्जना गर्दा समुदाय,वडाकार्यालय,टोल बिकास संस्था लगायत अन्य सबै सरोकारवालाहरुको समन्वयमा कार्यक्रमको अभिमुखीकरण, कार्यक्रमका राम्रा पक्षहरु औंल्याई कार्य सम्पन्नतामा जोड दिएको ।
- कोभिड-१९ संक्रमनका समयमा स्वास्थ्यका मापदण्डलाई पालन गरी भौतिक दुरीमा बसाई तालिम तथा अन्य कार्यक्रम संचालन गर्न जोड दिएको ।

# गरिबी निबारणका लागि लघुउद्यम बिकास कार्यक्रम(मेड्पा) मनहरी,मकवानपुर , बागमति प्रदेश

- सशर्त अनुदान बिनियोजित बजेट : रु.२९,००,०००।-
- नयाँ उद्यमी सिर्जना तर्फ रु.२२६००००।-
- स्तरोन्नति तर्फ रु.६४००००।-
- जम्मा खर्च भएको बजेट रकम : रु.२३,५६,७५९।- ८१.२६%
- नया उद्यमी सिर्जना तर्फ रु.२२,६०,०००-२०,३७,२९७।- खर्च,९०.१४%




डलकुशन तालिम वडा नं.४ का सहभागीहरुको झलक



वडा नं.५ का पशुपालन तथा तरकारी खेती
सहभागीहरुमा प्रबिधि हस्तान्तरण कार्यक्रम झलक



माटो परिक्षण क्याम्पीयन वडा नं. ५ डिल्लीपुर



तरकारी खेती तथा पशुपालन तालिम समापनमा
सहभागीहरु वडा नं. ६,सुनाचुरी




९० दिने सिलाईकटाई तालिम वडा नं. ६ सुनाचुरी
अनुगमनका झलक



डलकुशन तालिम वडा नं.४ सहभागीहरुमा कैची
वितरण गरिदैको एक झलक




एड्भान्स सिलाई तालिम सहभागीहरुमा लग मेशिन हस्तान्तरण गरिदै वडा नं. ५,बसन्तपुर एक झलक




९० दिने सिलाईकटाई तालिम उद्घाटन वडा नं. ५ एक झलक




लघुबित्तिय पहूँचको लागि अभिमूखिकरण कार्यक्रम
वडा नं. ६ एक झलक



डलकुशन तालिमभैरहेको वडा नं. ४,गोलघर एक झलक




१५ दिने बिन्दीया टीका बनाउने तालिम उद्घाटन वडा नं.४,नया बस्ती,एक झलक




बजारीकरणका लागि उद्यमी र व्यापारी बीच अन्तरक्रिया **कार्यक्रममा** सहभागीहरुको एक झलक

धन्यवाद्